# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, असार ३० गते, २०७८ साल (अतिरिक्ताङ्क ७

## भाग १

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७८ सालको ऐन नं. २**

## प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना**ः बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०७८।०७९ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व सङ्कलन गर्ने, कर तथा शुल्कको दर घटाउने, बढाउने, कर लगाउने, कर छुट दिने तथा राजस्व प्रशासन सम्बन्धी कानून तर्जुमा गर्न वाञ्छनीय भएकाले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ**ः (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७८" रहेको छ।

(२) यस ऐन बमोजिमका दफाहरु संवत् २०७८ साल साउन १ गतेदेखि लागू हुनेछ।

२. **घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर**ः (१) आर्थिक वर्ष २०७८।०७९ मा बागमती प्रदेशभित्र अनुसूची-१ बमोजिम घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाका बखत सम्बन्धित स्थानीय तहले सङ्कलन गर्नु पर्नेछ।

तर स्थानीय तहको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले उपदफा (१) बमोजिमको दर अनुसारको शुल्क सङ्कलन गरी बाँडफाँट गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरको जम्मा रकमबाट अनुसूची-१ को खण्ड (क) घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क सि.नं.१५ बमोजिमको रकम प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिमको कार्यालयबाट सङ्कलित घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुरको जम्मा रकमबाट अनुसूची-१ को खण्ड (ग) विविध को क्र.सं.१३ बमोजिमको रकम प्रदेश सञ्चित कोषमा जम्मा गरी बाँकी रकमको साठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको राजस्व बाँडफाँटको विवरण प्रत्येक महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तह र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

३. <u>सवारी साधन कर</u>ः (१) आर्थिक वर्ष २०७८।०७९ मा बागमती प्रदेशभित्र सवारी साधन कर, सवारी चालक अनुमति पत्र आवेदन दस्तुर, सवारी चालक अनुमति पत्र, नवीकरण तथा सवारी साधन दर्ता दस्तुर एवं नवीकरण, बाटो इजाजत पत्र आवेदन तथा नवीकरण दस्तुर अनुसूची-२ बमोजिम लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन कर मात्र अनुसूची-२ को क्र.सं. १ बमोजिमको दर अनुसार हुने कर सङ्कलन गरी प्रदेश विभाज्य कोषमा दाखिला गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कार्यालयबाट सङ्कलित सवारी साधन कर बाहेक, सवारी चालक अनुमति पत्र आवेदन दस्तुर, सवारी चालक अनुमति पत्र, नवीकरण तथा सवारी साधन दर्ता दस्तुर एवं नवीकरण, बाटो इजाजत पत्र आवेदन तथा नवीकरण दस्तुर अनुसूची-२ को क्र.सं. २ बमोजिमको दस्तुर सङ्कलन गरी मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम मध्ये साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा र चालीस प्रतिशतले हुने रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त शुत्र बमोजिम बाँडफाँट गरी सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

४. **मनोरञ्जन कर**: (१) आर्थिक वर्ष २०७८।०७९ मा बागमती प्रदेशभित्रको चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर/नाटकघर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, दोहोरी साँझ, डान्सबार, क्यासिनो, फुट्सल, जुम्बा, नाईट क्लव, मसाज एवं स्पा, जीपलाईन, बन्जिजम्प, स्वीमिङ्ग पुल र पार्क जस्ता मनोरञ्जन स्थलमा अनुसूची-३ बमोजिमको मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करको प्रशासन स्थानीय तहले गर्नेछ । उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) अनुसूची-३ को सि.नं. १ देखि ४ मा उल्लिखित करदाताले बुझाउनु पर्ने कर महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र मनोरञ्जन कर नबुझाउने करदारतालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि मनोरञ्जन कर नबुझाएमा बुझाउनुपर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नु पर्नेछ।

(५) उपदफा (२) बमोजिम विभाज्य कोषमा जम्मा भएको रकम साठी प्रतिशत स्थानीय तहको सञ्चित कोष र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

५. **विज्ञापन करः** (१) आर्थिक वर्ष २०७८।०७९ मा बागमती प्रदेशभित्र राखिने होर्डिङ बोर्ड, साइन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरङ्ग प्रयोग गरिएको प्रचारको लागि राखिने वस्तु वा सामग्रीमा गरिने विज्ञापनमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) अनुसारको विज्ञापन करको दर एवं कर उठाउने प्रणाली स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको विज्ञापन करको प्रशासन स्थानीय तहले गर्नेछ। करदाताले बुझाउनुपर्ने कर महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानीय तहमा बुझाउनु पर्नेछ।उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधिभित्र विज्ञापन कर रकम नबुझाउने करदारतालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको तीन महिनासम्मको लागि उक्त कर रकमको दश प्रतिशत र सो अवधिभित्र पनि विज्ञापन कर नबुझाएमा बुझाउनुपर्ने कर रकमको पन्ध्र प्रतिशतका दरले वार्षिक ब्याज लगाई त्यस्तो रकम असुल उपर गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम विभाज्य कोषमा जम्मा भएको रकम साठी प्रतिशत स्थानीय तहको सञ्चित कोष र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

६. **<u>कृषि आयमा कर</u>**: (१) आर्थिक वर्ष २०७८।०७९ मा स्वयं घोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि कृषि आयमा कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको कृषि आयमा लाग्ने करको दर तथा सीमा अनुसूची-४ बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको कर प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(४) उपदफा (२) बमोजिमको कृषि आयमा कर भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्रले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

७. **पर्यटन शुल्कः** (१) प्रदेश पर्यटन सम्बन्धी कानून नबनेसम्म आर्थिक वर्ष २०७८।०७९ मा अनुसूची-५ बमोजिम पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको पर्यटन शुल्क उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतको उपत्यका पर्यटन कार्यालय वा प्रदेश सरकारले तोकेको कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

८. **सवारीको दर्ता किताब (ब्लु बुक) दस्तुरः** आर्थिक वर्ष २०७८।०७९ मा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ मा भएको व्यवस्था बमोजिम सोको नियमावली नबनेसम्म सवारीको दर्ता किताब (ब्लु बुक) दस्तुर तथा अन्य विविध दस्तुरको सङ्कलन प्रचलित कानून बमोजिम हुनेछ ।

९. **ढुङ्गा, गिटी, माटो, बालुवा, दहत्तर बहत्तर शुल्कः** (१) आर्थिक वर्ष २०७८।०७९ मा माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर वहत्तरको सङ्कलनमा अनुसूची-६ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ।

(२) स्थानीय तहले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामाग्रीमा बिक्री मूल्य तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको शुल्कको सङ्कलन सम्बन्धित स्थानीय तहले गर्नेछ । उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम विभाज्य कोषमा जम्मा भएको रकम साठी प्रतिशत स्थानीय तहको सञ्चित कोष र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा बाँडफाँट गरी दाखिला गर्नु पर्नेछ।

माथि जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-६ को सि.नं. ७ बमोजिम सिमेन्ट कारखाना मूल्यमा सङ्कलन हुने प्राकृतिक श्रोत शुल्क बमोजिमको राजस्व मध्येबाट चालीस प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा र साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा मासिक रुपमा दाखिला गर्नु पर्नेछ।

**१०.** **<u>जरिबाना</u>**ः (१) प्रदेशभित्र कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड तथा जरिबाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिबानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

**११.** **<u>अन्य राजस्व</u>**ः (१) प्रदेश सरकारको विभिन्न मन्त्रालय मातहत रहेका कार्यालयहरुको कार्य-प्रकृति अनुसार वस्तु तथा सेवा

प्रवाहको माध्यमबाट सङ्कलन हुने दर्ता शुल्क, बिक्री मूल्य वा शुल्क तथा दस्तुर प्रदेश कानूनमा निर्धारण भई नसकेको अवस्थामा प्रचलित कानूनमा उल्लेख भएको दरमा सङ्कलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सङ्कलन भएको कर तथा गैर कर राजस्व रकम राजस्व व्यवस्थापन प्रणाली मार्फत मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गरी सोको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

१२. **दर घटाउन, बढाउन वा छुट दिन सक्नेः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाइने दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाएको, बढाएको वा छुट दिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिइएको

दस्तुर, शुल्क, महशुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिबाना गरिनेछ।

१३. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने**: प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित ऐन तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

१४. **कोभिड -१९ बाट प्रभावित व्यवसाय/ कारोबारमा छुट सहुलियत सम्बन्धी विशेष व्यवस्था**: (१) नेपाल सरकार तथा बागमती प्रदेशभित्रका जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको निर्णयानुसार संवत् २०७८ साल वैशाख १६ गतेदेखि शुरू भएको निषेधाज्ञाको कारण उद्योग, व्यापार, होटल, ट्राभल टुर्स, ट्रेकिङ्ग, पर्यटन व्यवसाय, सवारी साधन, सञ्चार गृह लगायतका फर्म/व्यक्तिले दर्ता भएको सरकारी निकायवाट नवीकरण तथा खारेजी सम्बन्धी सेवा लिँदा तोकिए बमोजिम लाग्ने वा तिर्नुपर्ने कर, दस्तुर, शुल्क तथा जरिबाना समयमा तिर्न नसकेकाको हकमा सम्बन्धित जिल्लामा पूर्ण रुपमा निषेधाज्ञा हटेको मितिले साठी दिनभित्र दाखिला गर्न आएमा तोकिए बमोजिम लाग्ने कर,

दस्तुर र शुल्क बाहेक थप जरिबाना वा अतिरिक्त शुल्क लाग्ने छैन।

(२) कोभिड-१९ महामारी दोस्रो लहरको प्रकोप बढेसँगै सार्वजनिक यातायात सञ्चालन गर्ने व्यक्ति तथा फर्मले आर्थिक वर्ष २०७८।०७९ को सवारी साधन कर संवत् २०७८ साल फागुन मसान्तभित्र बुझाएमा नवीकरण दस्तुर छुट दिई नवीकरण गरिनेछ।

**१५.** **<u>सवारी साधन कर छुट सम्बन्धी विषेश व्यवस्थाः</u>** (१) बागमती प्रदेशभित्रका यातायात व्यवस्था कार्यालयमा दर्ता भएको सवारी साधनको आर्थिक वर्ष २०६५/०६६ देखि आर्थिक वर्ष २०७४/०७५ सम्म तोकिए बमोजिम कर दाखिला र नवीकरण समेत नगरेका सवारी धनीले संवत् २०७८ साल फागुन मसान्तभित्र सवारी साधन कर बुझाउन आएमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ वा प्रचलित कानून बमोजिम लाग्ने सो अवधिको जरिबाना छुट हुनेछ।

(२) कुनै सवारी साधन धनीले सवारी हराएको र फेला परेको सम्बन्धमा ट्राफिक प्रहरी कार्यालयको सिफारिस पत्र र यातायात व्यवस्था कार्यालयमा रोक्का गरेको प्रमाण सहित नवीकरणका लागि पेश गरेमा सवारी हराएको र फेला परेको अवधिभित्र लाग्ने सवारी साधन कर तथा जरिबाना छुट हुनेछ।

(३) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा नेपालस्थित कूटनैतिक नियोग तथा दातृ संस्था/ कार्यालय/आयोजनाबाट हस्तान्तरण भई यातायात व्यवस्था

कार्यालयमा कूटनैतिक नम्बर प्लेटमा दर्ता भएका सवारी साधनहरुलाई सरकारी सवारी नम्बरमा प्लेटमा परिवर्तन गर्ने गरी दर्ता गर्न सम्बन्धित कार्यालयले सिफारिस पत्रसहित अनुरोध गरेमा त्यस्तो सवारी साधनलाई सरकारी सवारी सरह कायम हुने गरी दर्ता गरिनेछ ।

१६. **<u>प्रादेशिक व्यापार तथा व्यावसाय शुल्क छुट सम्बन्धी विशेष व्यबस्था:</u>** (१) नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित कानून बमोजिम बागमती प्रदेशभित्र दर्ता भएका व्यापारिक फर्महरु तथा साझेदारी उद्योगहरुको नवीकरण म्याद समाप्त भइसकेको पाँच वर्ष वा सोभन्दा बढी भएका र हाल सञ्चालनमा नरहेको भनी सम्बन्धित उद्योगी/व्यवसायीहरुले स्वघोषणा गरी संवत् २०७८ साल फागुन मसान्तभित्र नवीकरण गर्न आएमा त्यस्ता फर्म/उद्योगहरुको हकमा तोकिएको जरिबाना छुट दिई नवीकरण शुल्क मात्र लिई नवीकरण गरिनेछ।

(२) संवत् २०६५ साल चैत मसान्तसम्म नवीकरण हुन नसकेका व्यापारिक तथा औद्योगिक तर्फका प्राइभेट तथा साझेदारी फर्महरुले सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयबाट जारी भएको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गरी संवत् २०७८ साल फागुन मसान्तभित्र निवेदन दिएमा एक हजार रुपैयाँ दस्तुर मात्र लिई खारेजी गरिनेछ।

१७. **<u>पर्यटन शुल्क छुट सम्बन्धी विशेष व्यवस्था</u>:** (१) प्रचलित कानून बमोजिम प्रदेशभित्र दर्ता भई सञ्चालनमा रहेका ट्राभल, ट्रेकिङ्ग,

जलयात्रा, पर्यटक यातायात लगायतका पर्यटन व्यवसाय तथा एजेन्सीहरुले कोभिड-१९ तथा अन्य विविध कारणले इजाजत पत्र नवीकरण गराउन नसकेको भए इजाजत पत्र प्राप्त व्यक्तिले संवत् २०७८ साल फागुन मसान्तसम्म त्यस्तो इजाजत पत्र नवीकरण गराउन निवेदन दिएमा तोकिए बमोजिम लाग्ने नवीकरण शुल्क र शत प्रतिशत थप दस्तुर लिई एक पटकका लागि नवीकरण गरिनेछ।

(२) ट्रेकिङ गाइड, टुरिष्ट गाइड, रिभर गाइड तथा ट्रेकिङ पोटर गाइडले आर्थिक वर्ष २०७८/०७९ को लागि गर्नुपर्ने नवीकरण दस्तुरमा साठी प्रतिशत छुट हुनेछ । साथै कोभिड-१९ तथा अन्य विविध कारणले आर्थिक वर्ष २०७७/०७८ सम्म इजाजत पत्र नवीकरण गराउन नसकेको भए त्यस्तो इजाजत पत्र प्राप्त व्यक्तिले इजाजत पत्र नवीकरण गराउन संवत् २०७८ साल फागुन मसान्तसम्म निवेदन दिएमा तोकिए बमोजिम लाग्ने शुल्कमा साठी प्रतिशत छुट हुनेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

## घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

### (क) घर जग्गा तथा अन्य रजिष्ट्रेशन शुल्कः

| सि.नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको दस्तुर | उपमहानगरपालिका र नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | राजीनामा, सट्टापट्टा, सगोलनामा र छोडपत्रको लिखत | | | |
| | (क) राजीनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घर जग्गाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| | (घ) छोडपत्र (आफ्नो हक हिस्सा बराबरको थैली अङ्कमा) | | | |

| | | | | |
|---|---|---|---|---|
| | (अ) तीन पुस्ताभित्रको | बकसपत्र सरह | | |
| | (आ) तीन पुस्ता बाहिरको | ५% | ४.५% | ३% |
| २. | दर्ताफारी (संयुक्त दर्तावाला बीचको) लिखतको थैली अङ्कमा | ३% | २.५% | २% |
| ३. | **हालैदेखिको बकसपत्रको लिखतको थैली अङ्कमा** | | | |
| | (क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नी, दाजु, भाउजू, भाइ, भाइ बुहारी, दिदी, बहिनी, छोरा, छोरा-बुहारी, छोरी, छोरी-ज्वाँइ, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनी बुहारी, काका-काकी, मामा-माइजु, भान्जा-भान्जी, ठूलोबुवा, ठूलीआमा (बावु तर्फका), आमाजु, नन्द, सौता-सौता र एकै दाजु-भाइ दिदी-भाईको छोरा, छोरी, फूपू र भदा-भदै बीच। | | | |
| | (अ) रु.१ लाखसम्मको थैली अङ्कमा | २% | १.५% | १% |
| | (आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली | २.५% | २% | १% |

| | | | | |
|---|---|---|---|---|
| | अङ्कमा | | | |
| | (ख) अन्य बकसपत्र र दानपत्रको थैली अङ्कमा | १५% | १५% | १०% |
| | **स्पष्टीकरण:** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश सरकारका कार्यालय, स्थानीय तह तथा नेपाल सरकार तथा प्रदेश सरकारको गठन आदेशबाट गठित समिति, बोर्ड, प्रतिष्ठान, संस्थान, आयोग तथा आयोजना र प्रदेश सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन। | | | |
| ४. | **अंशवण्डा तथा अंश भर्पाईको लिखतमा** | | | |
| | (क) रु.५० लाखसम्मको थैली अङ्कमा | ०.३% | ०.३% | ०.३% |
| | (ख) रु.५० लाखभन्दा बढी रु.३ करोडसम्मको थैली अङ्कमा | ०.४% | ०.४% | ०.४% |
| | (ग) रु.३ करोडभन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% |
| ५. | **मानो छुट्टिएको र मानो जोडिएको लिखत** | | | |
| | (क) मानो छुट्टिएको प्रति लिखत | १५०००।- | ११०००।- | ५०००।- |
| | (ख) मानो जोडिएको प्रति लिखत | ३००००।- | २८०००।- | १५०००।- |
| ६. | शेषपछिको बकसपत्रको लिखत शेषपछिको बकसपत्र/अष्टलोहको प्रति | | | |

| | | | | |
|---|---|---|---|---|
| | लिखत | | | |
| | (क) तीन पुस्ताभित्रको | १००००।- | ८०००।- | ७०००।- |
| | (ख) तीन पुस्ताबाहिरको | १५०००।- | १२०००।- | ११०००।- |
| ७. | शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा | | | |
| | (क) शर्त संशोधन | २०००।- | १५००।- | १०००।- |
| | (ख) बकसपत्र रद्द | २५००।- | २०००।- | १५००।- |
| ८. | अन्य लिखत<br>(क) रकम खुलेकोमा<br>(ख) रकम नखुलेकोमा | ४%<br>७०००।- | ३%<br>६०००।- | २%<br>३०००।- |
| ९. | **बन्धकीको लिखत**<br>दृष्टीबन्धकी, भोगबन्धकी र लख बन्धकीको लिखतको थैली अङ्कमा | १% | १% | १% |
| १०. | **अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत** | २०००।- | २०००।- | २०००।- |
| ११. | **कपाली तमसुक र करारनामाको लिखत**<br>दाखिला खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १% | १% | १% |
| १२. | गुठी स्थापना गरेको लिखत (प्रति लिखत) | ४०००।- | ३०००।– | २०००।-- |

| | | | | |
|---|---|---|---|---|
| १३. | मासिक एकलाख भन्दा बढी घरबहाल लिनु दिनु गरेको लिखत थैली अङ्कमा | १% | १% | १% |
| १४. | अचल सम्पत्ति फलोपभोग भएको लिखत थैली अङ्कमा | ०.२५% | ०.२५% | ०.२५% |

## १५. <u>वेजिल्ला वेइलाका पारित सम्बन्धी व्यवस्था</u>:

| | लिखतको प्रकार | वेजिल्ला पारितको राजस्व दस्तुर | | |
|---|---|---|---|---|
| | | रजिष्ट्रेशन दस्तुर | वेजिल्ला दस्तुर सम्बन्धित प्रदेशभित्र | प्रदेश बाहिर |
| (क) | राजीनामा, सट्टापट्टा, संगोलनामा, छोडपत्र, दर्ताफारी, हालैको बकसपत्र मानो जोडीएको, छुट्टीएको, शेषपछिको बकस पत्र, अष्टलोह, बन्धकीको लिखत, कपाली तमसुक र करारनामाको लिखत वेजिल्ला वेइलाका पारित हुने । | अनुसुची-१ मा तोकिए बमोजिमको सम्बन्धित जग्गा भएको मालपोतकै खातामा जम्मा गरेको भौचर पेश गर्नु पर्ने । | थैली अङ्कमा थप ३ प्रतिशत पास पारित हुने मालपोतको खातामा जम्मा गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। | थैली अङ्कको थप ५ प्रतिशत पास पारित हुने मालपोतको खातामा जम्मा गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। |
| (ख) | अंशवण्डा तथा अंश भर्पाइको लिखत वेजिल्ला दस्तुर । | अनुसुची-१ मा तोकिए बमोजिमको सम्बन्धित जग्गा भएको | - | - |

| | | | | |
|---|---|---|---|---|
| | | मालपोतकै खातामा जम्मा गरेको भौचर पेश गर्नु पर्ने । | | |

**(ख) <u>सेवा शुल्कः</u>**

| सि.नं. | लिखतको प्रकार | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | महानगरपालिका क्षेत्रको दस्तुर | उपमहानगरपालिका र नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | <u>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा प्रति लिखत डोर शुल्क/दस्तुर</u> | | | |
| | (क) काठमाडौं उपत्यका क्षेत्रमा | २००००।- | १५०००।- | १००००।- |
| | (ख) अन्य क्षेत्रमा | १५०००।- | १००००।- | ५०००।- |
| २. | <u>वित्तीय धितो:</u><br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृत प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |
| | (क) रु. पाँच लाख सम्मको लिखतको थैली अङ्कमा | ३०००।- | ३०००।- | ३०००।- |
| | (ख) रु.पाँच लाखभन्दा बढी रु. बीस लाख सम्मको लिखतको थैली अङ्कमा | ५०००।- | ५०००।- | ५०००।- |
| | (ग) रु. बीस लाख भन्दा बढी रु.पचास लाख | ८०००।- | ८०००।- | ८०००।- |

| | | | | |
|---|---|---|---|---|
| | सम्मको लिखतको थैली अङ्कमा | | | |
| | (घ) रु. पचास लाख भन्दा बढी रु. एक करोडसम्मको लिखतको थैली अङ्कमा | २५,०००।- | २५,०००।- | २५,०००।- |
| | (ङ) रु. एक करोडभन्दा बढी रु. दुई करोड सम्मको लिखतको थैली अङ्कमा | ५०,०००।- | ५०,०००।- | ५०,०००।- |
| | (च) रु. दुई करोड भन्दा बढी रु. पाँच करोड सम्मको लिखतको थैली अङ्कमा | ७५,०००।- | ७५,०००।- | ७५,०००।- |
| | (छ) रु. पाँच करोड भन्दा बढी रु दश करोड सम्मको लिखतको थैली अङ्कमा | ११०,०००।- | ११०,०००।- | १००,०००।- |
| | (ज) रु. दश करोड भन्दा बढी रु.पन्ध्र करोड सम्मको लिखतको थैली अङ्कमा | १,२५,०००।- | १,२५,०००।- | १,२५,०००।- |
| | (झ) रु. पन्ध्र करोड भन्दा बढी रु.बीस करोड सम्मको लिखतको थैली अङ्कमा | १,५०,०००।- | १,५०,०००।- | १,५०,०००।- |
| | (ज) रु. बीस करोड | १,७५,०००।- | १,७५,०००।- | १,७५,०००।- |

| | | | | |
|---|---|---|---|---|
| | भन्दा बढी रु.पचास करोड सम्मको लिखतको थैली अङ्कमा | | | |
| | (ट) रु. पचास करोड भन्दा बढी रु.एक अर्व सम्मको लिखतको थैली अङ्कमा | २,००,०००।- | २,००,०००।- | २,००,०००।- |
| | (ठ) रु. एक अर्वभन्दा बढी जति सुकै लिखतको थैली अङ्कमा | ३,००,०००।- | ३,००,०००।- | ३,००,०००।- |
| ३. | लीज<br>सरकारी जग्गा लीजमा उपलब्ध गराउने<br>(सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को अनुसूची-१ अनुसारको शुल्क लाग्नेछ) | | | |
| ४. | जग्गा धनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि प्रति पुर्जा : | | | |
| | (क) जग्गा धनी दर्ता श्रेस्ताको प्रमाणित प्रतिलिपिको लागि | रु.१००।- | रु.१००।- | रु.१००।- |
| | (ख) जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपिको लागि | रु.२०००।- | रु १५००।- | रु. १०००।- |
| | (ग) पुर्जाको रातो कभर बापतको शुल्क | नलाग्ने | नलाग्ने | नलाग्ने |
| ५. | दाखिला खारेज शुल्क | | | |
| | (क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र | ५% | ४.५% | ३% |

| | | | | |
|---|---|---|---|---|
| | अनुसारको दाखिला खारेज गर्दा | | | |
| | (ख) अन्य मिलापत्र/ दर्ता फारी फैसला/ आदेश (अंश र अपुताली बाहेक) को दाखिला खारेज गर्दा | ५% | ४.५% | ३% |
| | (ग) बैंक तथा वित्तीय संस्था वा सहकारी संघ/संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिला खारेज गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ३% |
| | (घ) बैंक वित्तीय संघ/संस्था वा सहकारी संघ संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक तथा वित्तीय संघ/संस्था वा | १००००।- | ८०००।- | ५०००।- |

| | | | | |
|---|---|---|---|---|
| | सहकारी संघ/ संस्थाले आफ्नो नाममा दाखिला खारेज गर्दा प्रति मिसिल | | | |
| | (ङ) बैंक वित्तीय संस्था वा सहकारी संघ/संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक तथा संघ/संस्था आफैंले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | ३.५% | २.५% | २% |
| | (अ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिला खारेज गर्दा प्रति मिसिल | ७०००।- | ५०००।- | ३०००।- |
| | (आ) भूमि सुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिला खारेज हुन | १०००।- | ८००।- | ५००।- |

| | | | | |
|---|---|---|---|---|
| | आउँदा प्रति मिसिल | | | |
| | (च) शेषपछिको बकसपत्रको दाखिला खारेज | | | |
| | (अ) तीन पुस्ताभित्रको भए | अंशवण्डा सरह | अंशवण्डा सरह | अंशवण्डा सरह |
| | (आ) तीन पुस्ता बाहिरको भए (थैली अङ्कमा) | राजीनामा सरह | राजीनामा सरह | राजीनामा सरह |
| ६. | नामसारी प्रति लिखत | | | |
| | (क) तीन पुस्ताभित्रको नामसारी गर्दा | २५००।- | २५००।- | २५००।- |
| | (ख) तीन पुस्ताबाहिरको नामसारी गर्दा | ५०००।- | ५०००।- | ५०००।- |
| ७. | हाल साविक | | | |
| | पुनः नापजाँच पछिको श्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | २०००।- | १५००।- | ८००।- |
| ८. | घर कायम | | | |
| | (क) श्रेस्ता पुर्जामा घर जनाउने प्रति निवेदन | २५००।- | २०००।- | १०००।- |
| | (ख) श्रेस्ता पुर्जामा घर पाताल जनाउने | १००।- | १००।- | १००।- |
| ९. | संशोधन दस्तुर | | | |
| | मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नुपर्दा प्रति मिसिल | १०००।- | ८००।- | ६००।- |

| | | | | |
|---|---|---|---|---|
| १०. | रोक्का दस्तुर | | | |
| | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भए पनि) | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | (ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | |
| | (अ) रु. पाँच लाख सम्मको ऋण अङ्कमा | १५००।- | १०००।- | ५००।- |
| | (आ) रु. पाँच लाख भन्दा बढी रु. दश लाख सम्म | २०००।- | १५०० ।- | १०००।- |
| | (इ) रु.दश लाख माथिको जतिसुकै ऋण अङ्कमा (सहकारी बाहेक) | ३०००।- | २५००।- | २०००।- |
| | (ई) ऋण अङ्क नखुलेकोमा | ८०००।- | ६०००।- | ५०००।- |

**(ग) विविधः**

| | |
|---|---|
| १. | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनु पर्नेछ। एक पटक कारोबार भएको थैली अङ्कभन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाईने छैन । |
| २. | काठमाडौं उपत्यकाभित्रका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घर जग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अङ्कको ०.५ (शून्य दशमलव पाँच) प्रतिशत शुल्क बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिनेछ।<br>चितवन जिल्लाको भरतपुर महानगरपालिका तथा मकवानपुर जिल्लाको हेटौडा उपमहानगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घर जग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अङ्कको ०.१५ |

| | |
|---|---|
| | (शून्य दशमलव एक पाँच) प्रतिशत नारायणी तथा राप्ती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिनेछ। बागमती सभ्यता, नारायणी तथा राप्ती क्षेत्र सुधार तथा विकास शुल्क राजस्व शीर्षक नं. १४२१९ मा सङ्कलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ। |
| ३. | स्वदेशी लगानीका जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, डेरी, अलैची खेती, जडीबुटी खेती एवं फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ। यस्तो सुविधा लिन सम्बन्धित क्षेत्रको स्थानीय तह तथा दर्ता भएको निकायको समेत सिफारिस पेश गर्नु पर्नेछ।<br><br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ । |
| ४. | स्वदेशी लगानीका सामूहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरु मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सोमा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ । यस्तो सुविधा लिन सम्बन्धित क्षेत्रको स्थानीय तह तथा दर्ता भएको निकायको समेत सिफारिस पेश गर्नु पर्नेछ।<br><br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ। |
| ५. | स्वदेशी लगानीका सुर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ । यस्तो सुविधा लिन सम्बन्धित क्षेत्रको स्थानीय तह तथा दर्ता भएको निकायको समेत सिफारिस पेश गर्नु पर्नेछ।<br><br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना |

| | |
|---|---|
| | गर्नु पर्नेछ। |
| ६. | (क) कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, सरकारी विश्वविद्यालय, नेपाल विद्युत प्राधिकरण, नेपाल दुर सञ्चार संस्थान, बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना बहालवाला कर्मचारीहरुलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। तर सेवा शुल्क रु. १०००।-लाग्नेछ।<br>उल्लिखित संघ संस्थासँग सम्बन्धित एजेन्टलाई यस बुँदाको व्यवस्था बमोजिमको सुविधा प्रदान गर्नका लागि मालपोत कार्यालय बाध्य हुने छैन। |
| | (ख) कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र आन्तरिक राजस्व विभागबाट स्वीकृत प्राप्त अवकाश कोषमा नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरुलाई ऋण सुविधा उपलव्ध गराउँदा लिने धितोको दृष्टि बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ । तर सेवा शुल्क रु. १०००।- लाग्नेछ। |
| ७. | (क) सहकारी ऐन, २०७४ तथा बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ बमोजिम दर्ता भइ सञ्चालनमा रहेका सहकारी संस्थाहरुले आफ्ना शेयर सदस्यहरुबीच ऋण लगानी/प्रवाह गर्दा पाँच लाख रुपैयाँसम्मको थैली अङ्कमा रोक्का दस्तुर बाहेक सेवा शुल्क बापत रु. १०००।- लाग्नेछ।<br>सोभन्दा माथिको थैली अङ्कमा खण्ड (ख) सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ। |
| | (ख) बैकिङ्ग तथा वित्तीय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु साथै सहकारी संघ/संस्थाहरु एक आपसमा गाभिएमा संस्थाहरुले सो प्रयोजनका लागि घर जग्गाको एकत्रित गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर/शुल्क लाग्ने छैन। |
| ८. | जनआन्दोलन पहिलो, दोस्रो, जनयुद्ध र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका सहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र |

| | |
|---|---|
| | शुल्क पूर्ण रुपमा छुट हुनेछ। |
| ९. | अपाङ्गता भएका व्यक्ति, दलित एवं पिछडिएका तथा अल्पसङ्ख्यक, सीमान्तकृत जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणका आधारमा तिनिहरुको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| १०. | (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैंतीस प्रतिशत छुट हुनेछ। |
| | (ख) गाउँपालिकाको क्षेत्रभित्रको जग्गामा महिलाको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पैंतीस प्रतिशत छुट हुनेछ। |
| | (ग) देहायको स्थानमा पचास प्रतिशत छुट हुनेछ। |
| | (अ) रसुवा जिल्लाका स्याफ्रु, लाङ्टाङ, बृद्धिम, थुमन, टिमुरे, यार्सा, समरथली, भोर्ले , धैबुङ्ग, राम्चे, हाकु, लहरेपौवा, ठूलोगाउँ, डाँडागाउँ, गत्लाङ्ग, चिलिमे र गोल्जुङ्ग साविकको गाउँ विकास समितिको हकमा। |
| | (आ)दोलखा जिल्लाका लामाबगर, गौरीशंकर, आलम्पु, मार्बु, स्यामा, विगु, खारे र चिलंखा साविकको गाउँ विकास समितिको हकमा। |
| | (इ) धादिङ जिल्लाका सेर्तुङ, तिप्लीङ, री, लप्पा, ओलाङ, सत्यदेवी, दार्खा, वसेरी, बुढाथुम, मूलपानी, फूलखर्क, सल्यानकोट र गुम्दी साविकको गाउँ विकास समितिको हकमा। |
| | (ई) सिन्धुपाल्चोक जिल्लाको तातोपानी, गुम्वा, गोल्चे र फुल्पीङकट्टी साविकको गाउँ विकास समितिको हकमा। |
| | (घ) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा साविकको |

| | |
|---|---|
| | थैली अङ्क कायम गरी सो सगोलनामाको लिखतमा रु. १००।- रजिष्ट्रेशन दस्तुर लाग्नेछ। |
| | (ङ) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरीत भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिबाना गर्नु पर्नेछ। |
| ११. | भूमिहीन मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रुपमा छुट हुनेछ। |
| १२. | बैंक, वित्तीय एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिला खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तीय एवं सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ। |
| १३. | मालपोत कार्यालयहरुले सङ्कलन गर्ने घर जग्गा रजिष्ट्रेशन शुल्क मध्येबाट मालपोत/भूमि सुधार/नापी कार्यालयहरुको संस्थागत सुदृढीकरण तथा श्रेस्ता व्यवस्थापनको लागि दुई प्रतिशत कट्टा गरी सो समेत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ । |
| १४. | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्थाले आफ्नो नाउँमा निःशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिन सक्नेछ।<br>तर यस बुँदा बमोजिम छुट दिंदा प्रदेश सरकारको राजस्वको अवस्था तथा सम्बन्धित विषयमा पर्याप्त अध्ययन गरेर मात्र छुट दिनु पर्नेछ। सबै संघ संस्था वा निकायलाई छुट दिन प्रदेश सरकार बाध्य हुने छैन। |

| | |
|---|---|
| १५. | सहकारी ऐन, २०७४ तथा बागमती प्रदेशको प्रदेश सहकारी ऐन, २०७६ बमोजिम दर्ता भएका सहकारी संघ/संस्थाहरुले संस्थाको प्रयोजनका लागि मात्र काठमाडौं उपत्यकामा १ रोपनी, पहाडी क्षेत्रमा २ रोपनी र अन्यमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सम्बन्धित स्थानीय तह र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृतिमा पूर्ण रुपमा छुट हुनेछ।<br><br>कृषि व्यवसायमा आधारित सहकारी संघ/संस्थाहरुले सहकारी मार्फत उत्पादन, प्रशोधन र बजारीकरण प्रयोजनको लागि आवश्यक पर्ने जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क स्थानीय तह र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृतिमा प्रदेश सरकारले छुट दिन सक्नेछ।<br><br>तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुबिधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असुल उपर गरिनेछ। |
| १६. | विविधको सि. नं. ८, ९, १० र ११ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइनेछ। |
| १७. | एउटै कारोबारबाट बीस लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट/बैंक ग्यारेन्टी/ई पेमेण्ट/ राष्ट्र बैंकको निर्देशिका बमोजिम) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १८. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन शुल्क छुट दिईनेछ। |
| १९. | तीन पुस्ताभित्र छोरी वा नातिनीहरुमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा सि. नं. २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |

| | |
|---|---|
| २०. | नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २१. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रुपमा प्राप्त भएमा वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २२. | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ।<br>तर एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागू हुने छैन। |
| २३. | गुठी संस्था दर्ता गर्दा सेवा शुल्क बापत रु. १०००।- लाग्नेछ। |
| २४. | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मालपोत कार्यालयबाट सङ्कलित रजिष्ट्रेशन दस्तुर बापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको क-२.६ विविध खातामा जम्मा गरी प्रत्येक महिना समाप्त भएपछि सङ्कलित रकमको चालीस प्रतिशत प्रदेशलाई र साठी प्रतिशत सम्बन्धित स्थानीय तहहरुलाई बाँडफाँट गर्नु पर्नेछ। |
| २५. | विविधको सि.नं. ३, ४ र ५ को छुट पाउने संस्था वा निकायले आफ्नो निकायको कार्यप्रकृतिसँग सम्बन्धित कागजातको साथै सो प्रमाणित हुने सम्बन्धित स्थानीय तहको सिफारिस पनि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ र सि.नं. १०(ङ) को हकमा सम्बन्धित स्थानीय तहको अतिरिक्त श्रम कार्यालयको सिफारिस समेत पेश गर्नु पर्नेछ। |
| २६. | बैंक, वित्तीय संस्था वा सहकारी संस्थाबाट दिने कर्जाको थप धितो बन्धक वा दृष्टिबन्धक लिखतमा अघिल्लो पारित लिखतमा उल्लेख गरिएको रकममा थप हुने रकम समेत जोडी कायम हुने कुल धितो रकमको आधारमा सेवा शुल्क लाग्नेछ। |

| | |
|---|---|
| २७. | भूमि सुधार/मालपोत कार्यालय अन्तर्गतबाट प्रवाह हुने सेवाहरु प्राप्त गर्नको लागि कारागारमा रहेका कैदीबन्दी तथा थुनुवा समेतको निवेदन प्राप्त हुन आएमा सम्बन्धित कारागार प्रमुख वा तोकिएका कर्मचारीले सो निवेदन सम्बन्धित भूमि सुधार/मालपोत कार्यालयमा पठाई तहाँबाट प्राप्त अनुरोध सहितको पत्र तथा कागजातमा कारागार रहेको क्षेत्रको भूमिसुधार/मालपोत कार्यालयका कर्मचारीबाट सही सनाखत गराउन डोर खटाउन सकिनेछ। यसरी सनाखत गराउँदा कारागार प्रमुख वा निजले तोकेको कर्मचारीको रोहवरमा गर्नु पर्नेछ। |

अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

## सवारी साधन कर, सवारी चालक अनुमति पत्र दस्तुर, बाटो इजाजत पत्र दस्तुर तथा आवेदन तथा नवीकरण शुल्क

**क्र. सं. १. सवारी साधन करः**

| सि.नं. | सवारी साधनको विवरण | वार्षिक सवारी कर |
|---|---|---|
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
| (क) | कार, जीप, भ्यान, माइक्रो बस | |
| | (अ) १००० सि.सि. सम्म | रु.२२०००।- |
| | (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि. सम्म | रु.२५०००।- |
| | (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि. सम्म | रु.२७०००।- |
| | (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि. सम्म | रु.३७०००।- |
| | (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि. सम्म | रु.५००००।- |
| | (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि. सम्म | रु.६००००।- |
| | (ऋ) ३५०० सि.सि. भन्दा माथि सवै | रु.६५०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनिट्रिपर | | |
| | (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ४००००।- |
| | (आ) ट्रिपर | रु. ३९०००।- |
| | (इ) मिनिट्रिपर | रु. ३००००।- |
| (ग) ट्रेक्टर, पावर टिलर | | |
| | (अ) थ्री ह्वीलर र टेम्पो | रु. ६०००।- |
| | (आ) ट्रेक्टर | रु. ५५००।- |
| | (इ) पावर ट्रिलर | रु ४५००।- |

| | | |
|---|---|---|
| | (ई) मिनिट्रक/मिनिबस | रु. २७०००।- |
| | (उ) ट्रक/बस | रु. ३५०००।- |
| (घ) मोटर साइकल/स्कुटर | | |
| | (अ) १२५ सि.सि. सम्म | रु. ३०००।- |
| | (आ) १२५ सि.सि. भन्दा माथि १५० सि.सि. सम्म | रु. ५०००।- |
| | (इ) १५० सि.सि. भन्दा माथि २२५ सि.सि. सम्म | रु. ६५००।- |
| | (ई) २२५ सि.सि. भन्दा माथि ४०० सि.सि. सम्म | रु. ११०००।- |
| | (उ) ४०० सि.सि. भन्दा माथि ६५० सि.सि. सम्म | रु. २००००।- |
| | (ऊ) ६५० सि.सि. भन्दा माथि सवै | रु. ३००००।- |
| २. **भाडामा दर्ता भएको सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः-** | | |
| (क) कार, जीप, भ्यान, माइक्रो बस | | |
| | (अ) १००० सि.सि. सम्म | रु. ११०००।- |
| | (आ) १००० सि.सि. भन्दा माथि १५०० सि.सि. सम्म | रु. १२५००।- |
| | (इ) १५०० सि.सि. भन्दा माथि २००० सि.सि. सम्म | रु. १३५००।- |
| | (ई) २००० सि.सि. भन्दा माथि २५०० सि.सि. सम्म | रु. १४५००।- |
| | (उ) २५०० सि.सि. भन्दा माथि ३००० सि.सि. सम्म | रु. १६५००।- |
| | (ऊ) ३००० सि.सि. भन्दा माथि ३५०० सि.सि. सम्म | रु. १७५००।- |
| | (ऋ) ३५०० सि.सि. भन्दा माथि ४००० सि.सि. सम्म | रु. १९०००।- |
| | (ऌ) ४००१ भन्दा माथि सवै | रु. २२०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनिट्रिपर | | रु २१०००।- |
| (ग) ट्रेक्टर, पावर टिलर | | |
| | (अ) थ्री ह्वीलर र टेम्पो | रु. ६०००।- |
| | (आ) ट्रेक्टर | रु. ५५००।- |

| | | |
|---|---|---|
| | (इ) पावर टीलर | रु. ४५००।- |
| | (ई) मिनिबस/मिनिट्रक | रु. १५०००।- |
| | (उ) ट्रक/बस/ पानी ट्यांकर | रु. २००००।- |
| | (ऊ) तेल ट्यांकर, ग्याँस बुलेट | रु. २२०००।- |
| **३. निजी विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ** :- | | |
| (क) मोटर साइकल/स्कुटर | | |
| | (अ) ३५० वाट देखि १००० वाट सम्म | रु. २०००।- |
| | (आ) १००० वाट भन्दा माथि १५०० वाट सम्म | रु. २५००।- |
| | (इ) १५०० वाट भन्दा माथि | रु. ३०००।- |
| (ख) कार, जीप, भ्यान, माइक्रो बस र बस | | |
| | (अ) ५० किलोवाट भन्दा माथि १२५ किलोवाट सम्म | रु. १५०००।- |
| | (आ) १२५ किलोवाट भन्दा माथि देखि २०० किलोवाट सम्म | रु. २००००।- |
| | (इ) २०० किलो वाट भन्दा माथि | रु. ३००००।- |

**क्र.सं. २. प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम निम्न अनुसारको दस्तुर तोकिएको छः**

**अ. सवारी चालक अनुमति पत्र तथा आवेदन दस्तुरः**

| वर्ग | सवारीको किसिम | आवेदन दस्तुर (रुपैयाँमा) | सवारी चालक अनुमति पत्र, नवीकरण दस्तुर (रुपैयाँमा) | वर्ग थप (रुपैयाँमा) |
|---|---|---|---|---|
| क. A | मोटरसाईकल, स्कुटर, मोपेड Motorcycle, Scooter, Mopped | ५००।- | १५००।- | ५००।- |
| K | स्कुटर Scooter | ५००।- | १५००।- | ५००।- |

| | | | | |
|---|---|---|---|---|
| ख<br>B | कार, जीप, डेलिभरी भ्यान<br>Car, Jeep, Delivery Van | ५००।- | २०००।- | ५००।- |
| ग<br>C | टेम्पो, अटोरिक्सा<br>Tempo, Auto Rikshaw | ५००।- | २०००।- | ५००।- |
| घ<br>D | पावर टिलर<br>Powertillar | ५००।- | २०००।- | ५००।- |
| ङ<br>E | ट्र्याक्टर<br>Tractor | ५००।- | २५००।- | ५००।- |
| च<br>F | मिनिवस, मिनी ट्रक<br>Mini Bus, Mini Truck | ५००।- | २५००।- | ५००।- |
| छ<br>G | ट्रक, बस, लहरी<br>Truck, Bus, Lorry | ५००।- | ३०००।- | १०००।- |
| ज<br>H | रोडरोलर, डोजर<br>Road Roller, Dozer<br>H1=Dozer<br>H2=Road Roller | ५००।- | ३०००।- | १०००।- |
| झ<br>I | क्रेन, दम्कल, लोडर<br>I1=Crane I2= Fire Brigade I3= Loader | ५००।- | ३०००।- | १०००।- |
| J | J1=Excavator J2=Backhoe Loader J3=Grader, J4=Forklift, J5=Other | ५००।- | ३०००।- | १०००।- |

<u>स्पष्टीकरण:</u>

(क) सवारी चालक अनुमति पत्र सम्बन्धी परीक्षा (लिखित तथा प्रयोगात्मक) शुल्क बापत रू. ५००।- लाग्नेछ ।

(ख) एकभन्दा बढी बर्गको सवारी चालक अनुमति पत्र भएका व्यक्तिका हकमा नवीकरण गर्दा सबैभन्दा बढी दस्तुर लाग्ने सवारी वर्गको नवीकरण दस्तुर लाग्नेछ र बाँकी वर्गका सवारी चालक अनुमति पत्र स्वतः नवीकरण हुनेछ ।

**आ. सवारी साधन दस्तुर तर्फः**

**क. सवारी साधनको दर्ता र सरुवा दर्ता दस्तुरः**

| क्र.सं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | १५००।- |
| | | | सार्वजनिक | २५००।- |
| २. | मझौला सवारी | | निजी | १०००।- |
| | | | सार्वजनिक | १५००।- |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | १०००।- |
| | | | सार्वजनिक | १५००।- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | ५००।- |
| | | | सार्वजनिक | ५००।- |

**स्पष्टीकरणः** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

**ख. सवारी साधन सरुवा सहमति दस्तुरः**

| क्र.सं. | सवारीको वर्गीकरण | | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | | २५००।- |
| २. | मझौला सवारी | | १५००।- |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | १०००।- |
| | | (ख) मोटर साइकल, स्कुटर | ५००।- |

**ग. सवारी साधन नामसारी गर्दा गरिने सनाखत दस्तुरः**

| क्र.सं. | सवारीको वर्गीकरण | | शुरु दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | | १५००।- |
| २. | मझौला सवारी | | १०००।- |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | ५००।- |

| | | | |
|---|---|---|---|
| | | (ख) मोटर साइकल, स्कुटर | ५००।- |

**स्पष्टीकरणः** पहिलो ३ महिनाको लागि रु.१००० हजार जरिबाना लाग्ने र सो अवधि पछि पेश गर्नेलाई रु.२००० हजार जरिबाना लाग्ने । सनाखतको अवधि एक वर्षको लागि मान्य हुनेछ।

### घ. सवारी साधनको अस्थायी दर्ता दस्तुरः

| क्र.सं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | १०००।- |
| | | | सार्वजनिक | १५००।- |
| २. | मझौला सवारी | | निजी | ८००।- |
| | | | सार्वजनिक | १२००। |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | ५००।- |
| | | | सार्वजनिक | १०००।- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | ९००।- |
| | | | सार्वजनिक | ५००।- |

**स्पष्टीकरणः** सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

### ङ. विदेशमा दर्ता भएका सवारी साधन चलाउने अनुमति पत्र दस्तुरः

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठूला सवारी र मझौला सवारी | ३०००।- |
| २. | साना सवारी | २०००।- |

### च. सवारी साधनको दर्ता प्रमाणपत्र नवीकरण दस्तुरः

| क्र.सं. | सवारीको वर्गीकरण | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | ठूला सवारी | निजी | ५००।- |
| | | सार्वजनिक | ८००।- |

| | | | | |
|---|---|---|---|---|
| २. | मझौला सवारी | | निजी | ४००।- |
| | | | सार्वजनिक | ५००।- |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | ४००।- |
| | | | सार्वजनिक | ३००।- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | ३००।- |
| | | | सार्वजनिक | ५००।- |

<u>स्पष्टीकरण</u> : सरकारी, पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

<u>द्रष्टब्य</u> : सवारी साधन दर्ता गरेको मितिलाई नवीकरण गर्नु पर्ने मिति कायम हुनेछ।

### छ. सवारी साधनको नामसारी र धनीको मृत्यु भएको सवारीको नामसारी दस्तुरः

| क्र.सं. | सवारीको वर्गीकरण | | सवारीको किसिम | दस्तुर (रुपैयाँमा) |
|---|---|---|---|---|
| १. | ठूला सवारी | | निजी | १०००।- |
| | | | सार्वजनिक | २०००।- |
| २. | मझौला सवारी | | निजी | ८००।- |
| | | | सार्वजनिक | १५००।- |
| ३. | साना सवारी | (क) कार, जीप, भ्यान, पिकअप, टेम्पो, पावरटिलर | निजी | ८००।- |
| | | | सार्वजनिक | १०००।- |
| | | (ख) मोटर साइकल, स्कुटर | निजी | ५००।- |
| | | | सार्वजनिक | १०००।- |

<u>स्पष्टीकरण</u>ः सरकारी, पर्यटक सवारी र संस्थानको सवारी साधनको दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ ।

### ज. बाटो इजाजत पत्र दस्तुर (नवीकरण समेत, अर्धवार्षिक):

| क्र.सं. | दुरी (कि.मि.) | सवारीको वर्गीकरण | |
|---|---|---|---|
| | | ठूला र मझौला बस मिनिबस आदि (रु.) | ठूला र मझौला ट्रक, मिनिट्रक आदि (रु.) |
| १. | १ देखि ५० कि.मि. सम्म | ८००।- | १०००।- |
| २. | ५० भन्दा माथि १०० कि.मि. सम्म | १०००।- | १२००।- |
| ३. | १०० भन्दा माथि १५० कि.मि. सम्म | १२००।- | १४००।- |
| ४. | १५० भन्दा माथि २०० कि.मि. सम्म | १४००।- | १७००।- |
| ५. | २०० भन्दा माथि २५० कि.मि. सम्म | १५००।- | १८००। |
| ६. | २५० भन्दा माथि ३०० कि.मि. सम्म | १८००।- | २०००।- |
| ७. | ३०० भन्दा माथि ३५० कि.मि. सम्म | २०००।- | २३००।- |
| ८. | ३५० भन्दा माथि ४०० कि.मि. सम्म | २१००।- | २४००।- |
| ९. | ४०० भन्दा माथि ४५० कि.मि. सम्म | २३००।- | २६००।- |
| १०. | ४५० भन्दा माथि ५०० कि.मि. सम्म | २६००।- | २९००।- |
| ११. | ५०० भन्दा माथि ५५० कि.मि. सम्म | ३२००।- | ३३००।- |
| १२. | ५५० भन्दा माथि ६०० कि.मि. सम्म | ३३००।- | ३४००।- |
| १३. | ६०० भन्दा माथि ६५० कि.मि. सम्म | ३५००।- | ३६००।- |
| १४. | ६५० भन्दा माथि ७०० कि.मि. सम्म | ३८००।- | ३९००।- |
| १५. | ७०० कि.मि. भन्दा माथि | ४२००।- | ४३००।- |

### झ. पाँच सिटभन्दा बढी चौध सिटसम्म क्षमता भएको सार्वजनिक सवारीको लागि बाटो इजाजत दस्तुर (नवीकरण दस्तुर):

| क्र.सं. | दुरी | रकम दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | १ भन्दा माथि ५० कि.मि. सम्म | ६००।- |
| २. | ५० भन्दा माथि १०० कि.मि. सम्म | ८००।- |
| ३. | १०० भन्दा माथि १५० कि.मि. सम्म | १०००।- |
| ४. | १५० भन्दा माथि २५० कि.मि. सम्म | १२००।- |
| ५. | २५० भन्दा माथि ३०० कि.मि. सम्म | १५००।- |

### ञ. तोकिएको निश्चित बाटो (रुट) वा क्षेत्रभित्र सञ्चालनार्थ लाग्ने बाटो दस्तुरः

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | चौध सिट वा सो भन्दा मुनिका (मिटरवाला बाहेक) हलुका सार्वजनिक सवारी र एक टनसम्म क्षमता भएको ट्याक्टर, पावर टिलर | ५००।- |
| २. | मिटर भएको ट्याक्सी | ५००।- |
| ३. | मिटर भएको टेम्पो | ४००।- |

### ट. जाँचपास प्रमाणपत्र तथा प्रदूषण स्टिकरको दरखास्त दस्तुरः

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठूला सवारी | ५००।- |
| २. | मझौला सवारी र साना सवारी | ४००।- |
| ३. | प्रदूषण स्टिकर दस्तुर | १००।- |
| ४ | डोर मुकाम दस्तुर | २०००।- |

### ठ. यातायात सेवाको नाम पञ्जिकृत दस्तुरः

| क्र.सं. | पुँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | रु. १५ लाखभन्दा कमको लागि | १०००।- |
| २. | रु. १५ लाखभन्दा बढी रु. ५० लाखभन्दा कमको लागि | २५००।- |
| ३. | रु. ५० लाखभन्दा बढी जतिसुकै भएपनि | ४०००।- |

**नोटः** तर थप गर्न प्रति सवारी साधन साना सवारी रु. ५००।-, मझौला सवारी रु.१०००।- ठूला सवारी साधन रु.१५००।- लाग्नेछ ।

### ड. यातायात सेवा सञ्चालन गर्ने अनुमति पत्रको नवीकरण दस्तुरः

| क्र.सं. | पुँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | रु. १५ लाखभन्दा कमको लागि | १०००।- |
| २. | रु. १५ लाखभन्दा बढी रु. ५० लाखभन्दा कमको लागि | ३०००।- |
| ३. | रु. ५० लाखभन्दा बढी जतिसुकै भएपनि | ५०००।- |

**नोट**: तर थप गर्न प्रति सवारी साधन साना सवारी रु.५००।-, मझौला सवारी रु. १०००।- ठूला सवारी साधन रु.१५००।- लाग्ने छ ।

### ढ. प्रशिक्षण केन्द्र, कारखाना, वर्कशप सञ्चालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुरः

| क्र.सं. | पुँजी | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | रु. २ लाखभन्दा कमको लागि | १०००।- |
| २. | रु. २ लाखभन्दा बढी रु. ५ लाखभन्दा कमको लागि | १५००।- |
| ३. | रु. ५ लाखभन्दा बढी रु. १० लाखभन्दा कमको लागि | २५००।- |
| ४. | रु. १० लाखदेखि माथि जतिसुकै भएपनि | ४०००।- |

### ण. सवारी साधन बिक्री शोरुम र रिकन्डिशन हाउस सञ्चालन अनुमति पत्र दस्तुर र नवीकरण दस्तुरः

| क्र.सं. | स्थिर पुँजी | अनुमति पत्र दस्तुर (रु.) | नवीकरण दस्तुर (रु.) |
|---|---|---|---|
| १. | रु. ३ करोड सम्म (साना उद्योग) | ७०००।- | ३५००।- |
| २ | रु. ३ करोड देखि १० करोड सम्म (मझौला उद्योग) | १०,०००।- | ५०००।- |
| ३ | रु. १० करोडदेखि माथि (ठूला उद्योग) | ३०,०००।- | १५,०००।- |

### क्र.सं. ३. विविधः

| सि.नं. | विवरण |
|---|---|
| १. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नाउँमा दर्ता भएको सवारी साधनलाई भाडामा दर्ता भएको सवारी साधनमा लाग्ने सरह कर लाग्नेछ ।<br>तर पर्यटक सवारी र संस्थानको नाउँमा दर्ता भएका सवारी साधनको हकमा निजी सवारी साधन सरह कर लाग्नेछ । |
| २. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहद्वारा सञ्चालित विद्युतीय सवारी साधन र भाडामा दर्ता भएका विद्युतीय सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । साथै पेट्रोलियम पदार्थ बाहेक अन्य ईन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा प्रचलित कानून बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । |

| | |
|---|---|
| ३. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। तर यस्तो सुविधा कार्यालयको प्राविधिकले प्राविधिक परीक्षण प्रतिवेदनको आधारमा हुनेछ । |
| ४. | कुनै व्यक्ति वा संस्थाको नाउँमा दर्ता भएको सवारी साधन दुर्घटनाका कारण बिग्रिई सञ्चालनमा आउन नसक्ने भनी मन्त्रालयले प्रमाणित गरेमा प्रयोगमा नआएको अवधिको सवारी साधन कर लाग्नेछैन । तर त्यस्तो सवारी साधन प्रयोगमा नआउनुको कारण र अवधिको सम्बन्धमा स्थानीय तह र नजिकको ट्राफिक प्रहरी कार्यालयको सिफारिस अनिवार्य पेश गर्नु पर्नेछ । |
| ५. | साविक बागमती अञ्चलमा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना बीस वर्ष नकाटेका सवारी साधनहरु.लाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढी अवधिको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप सवारी साधन कर लाग्नेछ। तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको प्रचलित कर रकमभन्दा बढी हुने छैन। |
| ६. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिलाई सहुलियतको रुपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नुपर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन्। |
| ७. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ट रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन। यसरी अग्रिम रुपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा १० प्रतिशत छुट हुनेछ। |
| ८. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ९. | यस ऐनमा अन्य जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १०. | दश लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ। |
| ११. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका |

| | |
|---|---|
| | व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइएका १५० सी.सी. सम्मका स्कुटर (थप दुइ चक्का जडित) मा सवारी साधन कर लाग्ने छैन। |
| १२. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालभित्रै बन्द कन्टेनरको रूपमा रूपान्तरण गरी पाऊँ भनी निवेदन दिने सवारी धनीलाई निजले बुझाउनु पर्ने सवारी कर बापत पचास हजार रूपैयाँ वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकम मध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ । तर यस्तो छुट सुविधा दश वर्षभन्दा पुराना ट्रकलाई दिइने छैन । |
| १३. | नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका निकायहरूले जफत गरी लिलाम बिक्री गरेका सवारी साधनको हकमा उक्त सवारी साधन जफत गरेदेखि लिलाम प्रक्रिया समाप्त नभएसम्मको अवधिको सवारी कर लाग्ने छैन । |
| १४. | बागमती प्रदेश बाहेक अन्य प्रदेशमा सवारी साधन दर्ता गरी सञ्चालनमा रहेका र बागमती प्रदेशभित्र सरुवा सहमति लिई स्थानान्तरण गर्न चाहनेहरुका लागि अन्य प्रदेशमा दाखिला गरेको सवारी साधन कर र यस प्रदेशमा लाग्ने करको फरक पर्ने रकम बढी हुने भएमा सो फरक करमा लाग्ने जरिबाना छुट हुनेछ र लाग्ने करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १५. | प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ तथा प्रचलित कानून विपरीत ट्राफिक नियम उल्लङ्घन गरेबापत ट्राफिक प्रहरीबाट सवारी धनीहरूसँग असुल गरिने दण्ड जरिबाना बापतको रकम बागमती प्रदेशभित्रका ट्राफिक प्रहरी कार्यालयहरूले प्रदेशको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ । |
| १६. | नेपाल सरकारको आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा भएको व्यवस्था बमोजिम पेट्रोलियम पदार्थबाट सञ्चालन हुने साना सवारी साधनलाई २०८८ सालसम्ममा विद्युतीय सवारी साधनमा रुपान्तरण गरेमा पाँच वर्षसम्मको नवीकरण शुल्क छुट गरिनेछ । |
| १७. | यातायात व्यवस्था विभागबाट मिति २०७५।०६।०७ मा सार्वजनिक भाडाका यात्रुवाहक, मालवाहक सवारी साधन (ट्रक) एवं मिटर जडित ट्याक्सीको भाडादर समायोजन भए अनुसार सवारी साधनको भार वहन क्षमता र सडकको क्षमताभन्दा अधिक भार बोकेमा मालवाहक सवारीका सम्बन्धमा तराई र पहाडमा प्रति कि.मि. ४।८८ र ९।९५ ले हुन आउने रकमलाई हिसाब गरी जरिबाना असुल गर्ने । अधिक भार गणनाः Over Weight (Ton) x Distance (K.M.) x Terai Rate/Hill Rate + Fine |
| १८. | ट्राफिक कारवाहीमा परेका, विभिन्न कसुरमा नियन्त्रणमा लिइएका र सवारी धनी यकीन नभई लामो समयदेखि ट्राफिक कार्यालयको नियन्त्रणमा रहेका |

| | |
|---|---|
| | सवारी साधनहरुको ट्राफिक कार्यालयको समन्वयमा लगत सङ्कलन गरी सवारी धनी पत्ता लगाई निजबाट त्यस्ता सवारीको कर, शुल्क तथा जरिबाना सङ्कलन गर्ने । |
| १९. | प्रदेशभित्र सवारी साधन खरिद बिक्री गर्ने शोरुम र रिकन्डिशन हाउसले सवारी साधनहरु खरिद बिक्री गर्ने उदेश्य राखी व्यवसाय गरेमा सो संस्थाले अनिवार्य रुपमा सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट सञ्चालन अनुमति पत्र लिनु पर्नेछ। |

अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

**मनोरञ्जन कर**

| सि.नं. | विवरण | करको दर |
|---|---|---|
| १. | चलचित्र घरमा चलचित्र प्रदर्शन गर्दा दर्शकहरुबाट प्रति टिकट | ५% |
| २. | क्यासिनोमा प्रवेश गर्ने ग्राहकबाट प्रति व्यक्ति | रु. ५०।- |
| ३. | भिडियो घर, कन्सर्ट, दोहोरी साँझ, डान्सबार तथा नाईट क्लव प्रवेश गर्ने ग्राहकबाट प्रति व्यक्ति | रु.२०।- |
| ४. | सांस्कृतिक प्रदर्शन हल, थियटर/नाटक घर, फनपार्क, वाटर गार्डेन, बाल उद्यान, फुटसल, जुम्बा, मसाज एव्म स्पा, जिपलाईन, बन्जिजम्प स्वीमिङ पुल, पार्क प्रवेश गर्दा एकमुष्ट प्रति टिकट/बिल | ५% |

| | विवरण | कार्यक्रमको विवरण | स्थानीय तह अनुसार करको दर (रुपैयाँमा) | | |
|---|---|---|---|---|---|
| | | | महानगरपालिकाको रु. | उपमहानगर पालिका र नगरपालिकाको रु. | गाउँपालिकाको रु. |
| ५. | मेला (सर्कस, खेल समावेश मेला, जादु, चटके) | १ दिनको | ५०००।- | ४०००।- | २०००।- |
| | | २ देखी ७ दिनसम्म | २५०००।- | २००००।- | १००००।- |
| | | ८ देखि १५ दिनसम्म | ४००००।- | ३००००।- | १५०००।- |
| | | १६ देखि ३० दिनसम्म | ६००००।- | ४५०००।- | २००००।- |
| | | ३० दिन भन्दा बढी | १०००००।- | ७५०००।- | ३००००।- |

अनुसूची-४
(दफा ६ सँग सम्बन्धित)

**कृषि आयमा कर**

| सि.नं. | आयको वर्गिकरण | करको दर |
|---|---|---|
| १. | कुल आय रु. ५,००,००० सम्म | शून्य दर |
| २. | कुल आय रु. ५,००,००० भन्दा माथि देखि ५०,००,००० सम्म | १.५% |
| ३. | कुल आय रु. ५०,००,००० भन्दा माथि १०००००००  सम्म | १.७५% |
| ४. | कुल आय रु. एक करोडभन्दा माथि | २% |

(क) कृषि आयमा लाग्ने कर भूमि, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत रहेका जिल्ला स्तरका कृषि ज्ञान केन्द्र मार्फत सङ्कलन गरिनेछ ।

(ख) वार्षिक पाँच लाख रुपैयाँभन्दा बढीको प्रारम्भिक कृषि उपजबाट आय आर्जन गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्बन्धित केन्द्रमा स्वयं कर घोषणा गरी आय विवरण र सोमा लाग्ने कर सहित पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएका विवरण तथा कर दाखिला सम्बन्धी विवरण सम्बन्धित केन्द्रले अर्को महिनाको तीस गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ ।

अनुसूची-५
(दफा ७ सँग सम्बन्धित)

## पर्यटन शुल्क

### दर्ता तथा नवीकरण शुल्क

क. पर्यटकस्तरको होटेल, पर्यटक आवास, लज, रेष्टुराँ तथा रिसोर्ट,पव तथा बार दर्ता तथा नवीकरण शुल्क :

<table>
<tr><th rowspan="3">सि. नं.</th><th rowspan="3">होटेलको किसिम</th><th rowspan="3">दर्ता शुल्क रु.</th><th colspan="4">नवीकरण शुल्क रु.</th><th rowspan="3">कैफियत</th></tr>
<tr><th rowspan="2">म्यादभित्र</th><th colspan="3">म्याद नाघेको</th></tr>
<tr><th>तीन महिना सम्म थप</th><th>छ महिना सम्म थप</th><th>एक वर्षसम्म थप</th></tr>
<tr><td>१.</td><td>साधारण होटेल</td><td>५,०००।-</td><td>५,०००।-</td><td>२५%</td><td>५०%</td><td>१००%</td><td></td></tr>
<tr><td>२.</td><td>पर्यटक आवास (साधारण)</td><td>१०,०००।-</td><td>१०,०००।-</td><td>२५%</td><td>५०%</td><td>१००%</td><td></td></tr>
<tr><td>३.</td><td>पर्यटक आवास (डिलक्स)</td><td>४०,०००।-</td><td>४०,०००।-</td><td>२५%</td><td>५०%</td><td>१००%</td><td></td></tr>
<tr><td>४.</td><td>लज, रेष्टूराँ तथा रिसोर्ट, पव तथा बार</td><td>५,०००।-</td><td>५,०००।-</td><td>२५%</td><td>५०%</td><td>१००%</td><td></td></tr>
<tr><td>५.</td><td>डान्सबार, मोटल, कफिसप, साउना, ज्याकुजी सेन्टर, जीमक्लव, स्वीमिङ्ग पुल, हेल्थ क्लव, ब्यूटी पार्लर, नाइट क्लव</td><td>५,०००।-</td><td>५,०००।-</td><td>२५%</td><td>५०%</td><td>१००%</td><td></td></tr>
</table>

## ख. एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्कः

| सि. नं. | एजेन्सीको किसिम | इजाजत शुल्क रु. | नवीकरण शुल्क रु. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | म्यादभित्र | तीन महिना सम्म थप | छ महिना सम्म थप | एक वर्ष सम्म थप | |
| १. | साहसिक पर्यटन तथा जलयात्रा एजेन्सी | २५,०००।- | २५,०००।- | २५% | ५०% | १००% | |
| २. | ट्रेकिङ्ग एजेन्सी | २५,०००।- | २५,०००।- | २५% | ५०% | १००% | |
| ३. | ट्राभल एजेन्सी | २५,०००।- | २५,०००।- | २५% | ५०% | १००% | |
| ४. | पर्यटक यातायात | २५,०००।- | २५,०००।- | २५% | ५०% | १००% | |

## ग. साहसिक पर्यटन एजेन्सीद्वारा सञ्चालन गरिने क्रियाकलापहरुका लागि वार्षिक इजाजत शुल्कः

### (अ) वार्षिक इजाजत शुल्कः

| सि.नं. | क्रियाकलाप | वार्षिक इजाजत शुल्क रु.. |
|---|---|---|
| १. | स्कीईङ्ग | २५,०००।- |
| २. | हिमतालमा ड्राईभिङ्ग | २५,०००।- |
| ३. | वञ्जी जम्पिङ | ४०,०००।- |
| ४. | जीप फ्लायर | ४०,०००।- |
| ५. | क्यानोनिङ | ३०.०००।- |
| ६. | क्यानोपि वाकिङ्ग | १५.०००।- |
| ७. | अन्य साहसिक गतिविधि | ५०,०००।- |

**नोटः** सि.नं. ७ को हकमा साहसिक गतिविधि/क्रियाकलाप सञ्चालन गर्न निवेदन पर्न आएमा प्रशासन गर्ने मन्त्रालयले सञ्चालन गर्न उपयुक्त देखेमा तोकिएको वार्षिक शुल्क लिई सञ्चालन गर्न इजाजत दिन सक्नेछ ।

**घ. मनोरञ्जनात्मक पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः**

| सि.नं. | क्रियाकलाप | दर्ता शुल्क रु. | वार्षिक नवीकरण शुल्क रु. |
|---|---|---|---|
| १. | केवलकार | | |
| १.१ | ५ डब्बासम्म भएको | ५०,०००।- | १०,०००।- |
| १.२ | ६ देखि १० सम्म डब्बा भएको | ७५,०००।- | १५,०००।- |
| १.३ | ११ देखि १५ सम्म डब्बा भएको | १,००,०००।- | २०,०००।- |
| १.४ | १६ देखि २० सम्म डब्बा भएको | १,५०,०००।- | ३०,०००।- |
| १.५ | २१ देखि २५ सम्म डब्बा भएको | २,००,०००।- | ४०,०००।- |
| १.६ | २५ भन्दा बढी डब्बा भएको | २,५०,०००।- | ५०,०००।- |
| २. | एम्यूज्मेन्ट पार्क वा फन पार्क | ५०,०००।- | ५,०००।- |
| ३. | अन्य पार्क | ३०,०००।- | ६,०००।- |
| ४. | चिल्ड्रेन पार्क, सर्कस, फुटसल, पिकनिक स्पट | ३०,०००।- | ६,०००।- |

(अ) यदि कसैले एक महिनाभित्र इजाजत पत्र नवीकरण गराउन नसकेको भएमा इजाजत पत्र प्राप्त व्यक्तिले त्यस्तो इजाजत पत्र नवीकरण गराउन चाहेमा यो ऐन प्रारम्भ भएको एक वर्षभित्र प्रति वर्ष दर्ता शुल्कको शत प्रतिशतका दरले दस्तुर लिई एक पटकको लागि मन्त्रालय वा कार्यालयले नवीकरण गरिदिन सक्नेछ ।

(आ) माथि उल्लिखित बमोजिमको म्यादभित्र पनि कसैले इजाजत पत्र नवीकरण नगरेमा त्यस्तो इजाजत पत्र स्वतः रद्द हुनेछ ।

**ङ. <u>गाईडको इजाजत तथा नवीकरण शुल्कः</u>**

**(अ) गाईडको इजाजत शुल्कः**

| सि.नं. | किसिम | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १. | रिभर गाईड | २०००।- | |
| २. | ट्रेकिङ्ग गाईड | २०००।- | |
| ३. | ट्रेकिङ्ग पोर्टर गाईड | २०००।- | |
| ४. | अन्य गाईड | २०००।- | |

**(आ) गाईडको इजाजत पत्र नवीकरण शुल्कः**

| सि. नं. | समय अवधि | शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १. | इजाजतको म्यादसमाप्त हुनु अगावै | २०००।- | |
| २. | म्याद समाप्त भएपछिको तीन महिनासम्म | २५००।- | |
| ३. | म्याद समाप्त भएपछिको छ महिनासम्म | ३०००।- | |
| ४. | म्याद समाप्त भएपछिको एक वर्षसम्म | ४०००।- | |

अनुसूची-६

(दफा ९ सँग सम्बन्धित)

## ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तर शुल्क

| सि.नं. | विवरण | इकाई | दर (रुपैयाँमा) |
|---|---|---|---|
| १. | माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | २।५० |
| २. | ढुङ्गा, चुनढुङ्गा, खरिढुङ्गा, गिट्टी, ग्राभेल, रोडा, बालुवा (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | ९।- |
| ३. | स्लेट (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति वर्ग फिट | ९।- |
| ४. | दहत्तर वहत्तर सामाग्रीको बिक्री मूल्यमा दश प्रतिशत शुल्क लाग्नेछ । | | |
| ५. | सि.नं. १ को माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) को शुल्क रु. २।५० प्रति क्युफिट दर तोकिएकोमा धेरै मात्रामा माटो प्रयोग हुने उद्योग (जस्तो इट्टा उद्योग) हरुलाई उद्योगको क्षमताको आधारमा सम्बन्धित स्थानीय तहले वार्षिक रुपमा शुल्क निर्धारण गर्न सक्नेछ। यसरी वार्षिक शुल्क निर्धारण गर्दा जोडिएका स्थानीय तहहरुसँग समेत आवश्यक समन्वय गर्नु पर्नेछ। | | |
| ६. | व्यक्तिको निजी जग्गाबाट माटो बिक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन गर्नु पर्नेछ। सो सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी वार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ।<br>सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनु पर्नेछः | | |
| | (क) साँध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृति भएको हुनु पर्नेछ, | | |
| | (ख) माटो उत्खननबाट प्राकृतिक श्रोतको दुरुपयोग, भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो नहर, साँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनु पर्नेछ। | | |

| | |
|---|---|
| ७. | प्रदेशभित्र उत्पादन हुने सिमेन्टको हकमा कारखाना मूल्यको ०.२५ (शून्य दशमलव दुई पाँच) प्रतिशतका दरले प्राकृतिक श्रोत शुल्क लगाइने छ।(संघीय कानून बमोजिम चुनढुङ्गा खानीको अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई सि. नं. २ मा उल्लिखित चुनढुङ्गामा शुल्क नलाग्ने) |

**प्रमाणीकरण मितिः २०७८।०३।३०**

**आज्ञाले,**
**मदन भुजेल**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. २०।-